नेपाल सरकार

# शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय

योजना तथा बजेट शाखा

फोन नं.

सिंहदरबार,
काठमाडौँ, नेपाल ।

पत्र संख्याः- ०७५/७६

चलानी नं.:- २२१

मिति : २०७५/१२/१५

दर्ता नं.:- १६५६६
मितिः- ०७५/१२/१९

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

विषयः दिवा खाजा एवम् आवासीय विद्यालयको आवास व्यवस्थापन खर्च सम्बन्धमा ।

प्रस्तुत विषयमा चालु आ.व. २०७५/७६ मा स्थानीय तह मार्फत वित्तीय हस्तान्तरण भएको दिवा खाजा कार्यक्रम तथा आवासीय विद्यालयको आवास व्यवस्थापन खर्च कार्यक्रमको लक्षित समूह तथा आवासीय विद्यालयको आवास व्यवस्थापन खर्च नर्म्स सम्बन्धमा कतिपय स्थानीय तह एवम् सम्बन्धित विद्यालयहरुले कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५/७६ मा भएका विषय स्पष्ट पारिदिन अनुरोध भई आएको व्यहोरा पेश हुँदा यस मन्त्रालयको मिति २०७५/१२/११ को निर्णय (माननीय मन्त्रीस्तरीय) अनुसार तपशिलमा उल्लिखित बुँदाहरु कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५/७६ कै अंश हुने गरी निर्णय भएकोले उक्त कार्यक्रम कार्यान्वयन सम्बन्धमा सम्बन्धित स्थानीय तहहरुलाई सूचना हुन मिति २०७५/१२/१५ को निर्णय (सचिव स्तरीय) अनुसार अनुरोध छ ।

२०७५/१२/१५
(श्रीकृष्ण आचार्य)
शाखा अधिकृत

योजना तथा विकास सहायता समन्वय महाशाखा
दर्ता नं.:- १३६५
मितिः-
समयः- १२।२१

**तपशिलः**

**क) दिवाखाजा कार्यक्रम सम्बन्धमा :**

चालु आ.व. मा चालू आर्थिक वर्ष २०७५/७६ बाट दिवाखाजा कार्यक्रम लागू भएका ओखलढुङ्गा, धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली, रामेछाप, दोलखा, नुवाकोट, रौतहट, पर्सा, गुल्मी, सल्यान जिल्लाका सामुदायिक विद्यालयहरुमा प्रारम्भिक बालविकास कक्षादेखि कक्षा ५ सम्म अध्ययनरत सबै बालबालिकाहरुका लागि दिवाखाजा उपलब्ध गराउने गरी बजेट व्यवस्था भएकोले विद्यालयगत तथ्याङ्कका आधारमा प्रति विद्यार्थी दैनिक रु. १५ का दरले विद्यालय सञ्चालन रहेका दिन गणना गरी बढीमा १८० दिनसम्मको रकम विद्यालयको खातामा निकासा दिने । साथै हालसम्म दिवाखाजा कार्यक्रम कार्यान्वयन गर्न सुरु गरिनसकेका स्थानीय तहको हकमा विद्यालय दिवाखाजा कार्यक्रम सुरु भएदेखि दिन गणना हुने गरी निकासा हुन ।

**ख) आवास सञ्चालन खर्च सम्बन्धमा :**

जिल्लामा आवासीय विद्यालयका रुपमा सञ्चालनमा रहेका आवासीय विद्यालयहरुको आवास व्यवस्थापन खर्च कार्यक्रम कार्यान्वनय पुस्तिकामा उल्लेख भएका अतिरिक्त विगत वर्ष झैं २५ जना विद्यार्थी बराबर १ समूह मानी थप निकासा दिने गरी बजेट क्रियाकलाप नं २.१५.११.७९८ विद्यालय सञ्चालन व्यवस्थापन अनुदान शीर्षकमा समावेश गरिएकोले सो अनुसार व्यवस्था गर्नुहुन ।

बोधार्थ :

श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर ।